# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो चार महिनाको तथ्याङ्कमा आधारित)*

## नेपाल राष्ट्र बैंक

पौष २०६२

***www.nrb.org.np***

# कार्यकारी सारांश

## उत्पादन क्षेत्र

१. नेपालमा हालसम्म कुल गार्हस्थ्य उत्पादनको त्रैमासिक रुपमा गणना गर्ने पद्धतिको विकास नभएकोले उत्पादनमुलक क्षेत्रको आवधिक विश्लेषण गर्न कठिन छ ।

२. तथापि, उत्पादन क्षेत्रका केही आंशिक तथ्याङ्कहरू उपलब्ध छन । उदाहरणका लागि आर्थिक वर्ष २०६२/६३ का लागि केही कृषि उत्पादन सम्वन्धी, त्रैमासिक औद्योगिक उत्पादन सूचकाँङ्क र पर्यटनसंग सम्वन्धित प्रथम चौमासिक अवधिका तथ्याङ्कहरु प्राप्त भएका छन् ।

३. आर्थिक वर्ष २०६१/६२ को प्रथम त्रैमासिक अवधिमा औद्योगिक उत्पादनहरुको सूचकाँङ्क ४.० प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा २.४ प्रतिशतले मात्र बढेको छ । तयारी पोशाक, प्लाईउड, न्यूज पेपर, ईट्टा, र कागज तथा कागजका सामाग्रीहरुको उत्पादनमा कमी आएका कारण गत वर्षको तुलनामा यस वर्ष औद्योगिक उत्पादन सूचकाँङ्क को न्यून बृद्धिदर रहेको हो ।

४. आर्थिक वर्ष २०६१/६२ मा घटेको खाद्यान्न वालीको उत्पादन आर्थिक वर्ष २०६२/६३ मा पनि थप घटने अनुमान छ । खाद्यान्न वालीमध्ये, धानको उत्पादन गत वर्ष ३.७ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६२/६३ मा १.९ प्रतिशतले घट्ने अनुमान छ ।

५. आर्थिक वर्ष २०६१/६२ को प्रथम चार महिनासम्मको अवधिमा पर्यटक आगमन १२.३ प्रतिशतले घटेको विपरित आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा २१.१ प्रतिशतले बढ्यो । तुलनात्मक रुपमा सुरक्षा व्यवस्थामा आएको सुधारका कारण समीक्षा अवधिमा पर्यटक आगमनमा वृद्धि भए पनि बाँकि अवधि सोही अनुसार नहुन सक्ने देखिन्छ ।

६. यी केही अग्र (lead) सूचनाहरूको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर सामान्य रहने अनुमान छ ।

### मौद्रिक स्थिति

७. आर्थिक वर्ष २०६१/६२ मा २.१ प्रतिशतले बढेको मौद्रिक योगाङ्क (विस्तृत मुद्राप्रदाय) को वृद्धिदर आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा ४.९ प्रतिशतको उच्च रहन गयो ।

८. विप्रेषण आयबाट खूद वैदेशिक सम्पतिमा भएको वृद्धिले गर्दा मुद्राप्रदाय उच्च दरले बढेको हो ।

९. बैकिंग क्षेत्रको श्री ५ को सरकारमाथिको दाविको विस्तार सामान्य रह्यो । निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर पनि सामान्य नै रह्यो । आयातमा उच्च वृद्धि भए पनि व्यापारिक साखबाट भुक्तानी गरिएको हुँदा निजी क्षेत्रतर्फ कर्जा प्रवाह बढी भएन । वाणिज्य बैंकहरूले ऋण असूलीमा तदारुकता देखाएका हुँदा पनि निजी क्षेत्रमा उच्च दरले ऋण प्रवाह नभएको हो ।

१०. विप्रेषण आयको वृद्धिबाट अधिक तरलताको स्थिति भने समीक्षा अवधिको अन्ततिर केही बढे पनि समग्रमा न्यून नै रह्यो जसले गर्दा अल्पकालीन व्याजदरहरू गत वर्ष भन्दा उच्च नै रहे ।

११. अन्तरबैंक कारोवार दर उल्लेखनीय रुपमा बढेको कारण मुद्रावजारको सघनता बढेको छ । यसले गर्दा स्थायी तरलता सुविधा अन्तर्गत गत वर्ष बाणिज्य बैंकहरूले रु. २० अर्व जति ऋण लिएकोमा समीक्षा अवधिमा जम्मा रु. ३२ करोड मात्र ऋण उपयोग गरेका छन् ।

### शेयर बजार

१२. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले पाँचवटा वित्तीय संस्थाहरूलाई साधारण शेयर र डिवेन्चर जारी गर्ने स्वीकृति दियो । ती मध्ये, ४ वटा संस्थाले करीव रु २८ करोड बराबरको शेयर र डिवेन्चर जारी गरेका छन् ।

१३. आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा सूचीकृत भएका संस्थाहरू, वजार पूँजीकरण, सूचीकृत शेयर संख्या र नेप्से सूचकांकको आधारमा हेर्दा शेयर वजार विस्तार भएको छ । विन्दुगत आधारमा नेप्से सूची २८.६ प्रतिशतले बढी २०६२ कार्तिक मसान्तमा ३०२.४ पुगेको छ ।

१४. समीक्षा अवधिमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात१३.१ प्रतिशत रहेको छ । गत वर्ष यस्तो अनुपात ९.१ प्रतिशत रहेको थियो । धितोपत्र बजारको तरलताको परिसूचक (कारोबारको

बजार पूँजीकरण संगको अनुपात) २०६१ कार्तिक मसान्तमा १२.० प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा बढेर २५.० प्रतिशत पुगेको छ ।

**प्रकट मुद्रास्फीति (Headline Inflation)**

१५. वार्षिक बिन्दुगत मुद्रास्फीति गत वर्ष २.७ प्रतिशतले मात्र बढेकोमा २०६२ कार्तिक मसान्तमा ८.५ प्रतिशतले बढेको छ । गत वर्ष घटेको विपरीत समीक्षा अवधिमा खासगरी चामल र चामलजन्य पदार्थको आकस्मिक मूल्यवृद्धिले गर्दा मुद्रास्फीतिमा चाप पर्न गएको छ । तरकारी र फलफूल उपसमूहको बढेको मूल्य र गत वर्षको पौष महिना र चालू वर्षको भाद्र महिनामा गरिएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले मूल्य सूचकाङ्कमा अझै पनि प्रभाव पारिहेको छ । त्यस्तै गत पौष महिनामा मूल्य अभिवृद्धि करको दर १० प्रतिशतबाट बढाएर १३ प्रतिशत बनाइएको प्रभाव पनि मूल्यवृद्धिमा कायमै रहेको छ । आर्थिक वर्ष २०६२/६३ को वार्षिक औसत प्रकट (headline) मुद्रास्फीति करीव ७.० प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ ।

**तात्विक मुद्रास्फीति (Core inflation)**

१६. प्रकट मुद्रास्फीति ८.५ प्रतिशतले बढेपनि चामल तथा चामलजन्य पदार्थ, तरकारी र फलफुल, इन्धन, बती र पानी, र यातायात उपसमूह हटाएर निकालेको तात्विक मुद्रास्फीति (core inflation ) भने ४.४ प्रतिशतले मात्र बढेको छ । गत वर्ष तात्विक मुद्रास्फीति ३.० प्रतिशत र प्रकट मुद्रास्फीति २.७ प्रतिशत रहेको थियो । अर्न्तराष्ट्रिय वजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिले सिर्जित मूल्य बढने अपेक्षा र मूल्य अभिवृद्धि करको दरमा गरिएको वृद्धिको असर जुन तात्विक मुद्रास्फीति निकाल्दा हटाउन सकिएको छैन ले गर्दा पनि तात्विक मुद्रास्फीति गत वर्ष भन्दा बढी हुन गएको हो ।

१७. आर्थिक वर्ष २०६२/६३ को लागि मौद्रिक नीतिको तर्जुमा गर्दा पनि मूल्यमा चाप पर्ने अनुमान गरिएको थियो । तर मौसमी प्रतिकूलताले गर्दा खाद्यान्नको मूल्यमा भएको उच्च मूल्य वृद्धि अनपेक्षित रह्यो । तदनुरुप बैंकदरलाई ५.५ प्रतिशतबाट ६.० प्रतिशतमा बढाइएको थियो । आगामी दिनहरूमा मूल्य स्थितिमा सुधार आएन भने आवश्यक मौद्रिक उपायहरू अवलम्वन गरिनेछ ।

**सरकारी वित्त स्थिति**

१८. आर्थिक वर्ष २०६२/६३ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित समग्र सरकारी वित्त स्थिति गत वर्षको यसै अवधिको तुलनामा विस्तारकारी रह्यो ।

१९. समीक्षा अवधिमा बजेटरी संतुलन/असन्तुलनको स्थिति भने मिश्रित प्रकारको रहेको छ ।

२०. वित्तीय घाटा कुल सरकारी खर्चको अनुपातमा गत वर्ष नगन्य अर्थात ०.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.० प्रतिशत रहेको छ । स्थानीय निकायको खातामा रहेको रु. २ अर्बको रकम हटाउँदा वित्तीय घाटा कुल सरकारी खर्चको १३.६ प्रतिशतसम्म पुग्न जान्छ । पूँजीगत खर्चमा आएको बढोत्तरीले गर्दा वित्तीय घाटा उल्लेखनीय रुपमा विस्तार हुन गएको हो ।

२१. राजस्व संकलन गत वर्ष ४.७ प्रतिशतले बढको तुलनामा समीक्षा अवधिमा ६.९ प्रतिशतको सामान्य वृद्धि भएको छ ।

२२. साँवा भुक्तानीमा आएको कमीका कारण राजस्व घाटामा गत वर्षको तुलनामा सुधार आएको छ ।

२३. प्राथमिक घाटा समीक्षा अवधिमा कुल सरकारी खर्चको ०.७ प्रतिशत बचत रहन गयो जबकि गत वर्ष ७.४ प्रतिशतले बचत रहेको थियो । स्थानीय निकायको खातामा रहेको रु २ अर्ब रकम हटाउँदा भने प्राथमिक घाटा समीक्षा अवधिमा कुल सरकारी खर्चको ७.९ प्रतिशत हुन जान्छ ।

**बाह्य क्षेत्र**

२४. गत वर्ष ८.३ प्रतिशतले घटेको व्यापार घाटा आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा उल्लेखनीय रुपमा अर्थात ५१ प्रतिशतले बढेको छ ।

२५. समीक्षा अवधिमा निर्यात १७.२ प्रतिशतले बढे पनि आयात ३६.५ प्रतिशतको उच्च दरले बढेकोले व्यापार घाटा बढेको छ । गत वर्षको सोही अवधिमा आयात ०.८ प्रतिशतले घटेको थियो भने निर्यात ११.३ प्रतिशतले बढेको थियो ।

२६. भारतबाट भएको आयात गत वर्ष ११.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ३८.३ प्रतिशतले बढेको छ । अन्य मूलुकहरूबाट भएको आयात पनि गत वर्ष घटेको विपरीत समीक्षा अवधिमा उल्लेखनीय रुपमा अर्थात ३३.५ प्रतिशतले बढेको छ ।

२७. भारत तर्फको निर्यातको वृद्धिदर गत वर्ष भन्दा कम रहे पनि यो वृद्धिदर अझै पनि उल्लेख्य छ तर अन्य मूलुक तर्फको निर्यात भने १.२ प्रतिशतले घटेको छ ।

२८. औद्योगिक कच्चा पदार्थ र पूँजीगत बस्तुहरूको आयात बढेकोले समीक्षा अवधिमा आयातको वृद्धिदर उच्च रहेको हो । भारत तर्फ निर्यात बढेका बस्तुहरूमा बनस्पति घ्यू, पोलिस्टर धागो, जिंक अक्साइड, तार र जी. आई. पाइप रहेका छन् । ऊनी गलैचा र तैयारी पोशाकको निर्यात घट्ने क्रम भने जारी छ ।

२९. शोधानान्तर स्थिति समीक्षा अवधिमा रु. ४ अर्व १३ करोडले बचत रहेको छ । गत वर्ष सोही अवधिमा रु १ अर्व २० करोड शोधानान्तर बचत रहेको थियो । विप्रेषण आय वृद्धिले गर्दा सो शोधानान्तर बचत भएको हो ।

३०. विदेशी विनिमय संचिति बढिरहेको छ । २०६२ कार्तिक मसान्तमा विदेशी विनिमय संचिति ९.८ महिनाको बस्तु आयात र ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने रहेको छ ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो चार महिनाको तथ्याङ्कमा आधारित)*

## उत्पादन क्षेत्र

१. नेपालमा हालसम्म कुल गार्हस्थ्य उत्पादनलाई त्रैमासिक रुपमा गणना गर्ने पद्धतिको विकास नभएकोले उत्पादनमूलक क्षेत्रको त्रैमासिक रुपमा विश्लेषण गर्ने तथ्यांकीय आधार बलियो छैन।

२. तथापि, आर्थिक वर्ष २०६२/६३ का लागि कृषि उत्पादनसम्वन्धी, त्रैमासिक औद्योगिक उत्पादन सूचकाङ्क र पर्यटनसँग सम्वन्धित प्रथम चौमासिक अवधिका तथ्याङ्कहरु प्राप्त भएका छन् ।

३. कृषि उत्पादनतर्फ आर्थिक वर्ष २०६१/६२ मा ०.२ प्रतिशतले घटेको खाद्यान्न वालीको उत्पादन आर्थिक वर्ष २०६२/६३ मा पनि थप ०.३ प्रतिशतले घटने अनुमान छ । खाद्यान्न वालीमध्ये, कृषि गार्हस्थ्य उत्पादनमा १९.७५ प्रतिशत भार रहेको धानको उत्पादन आर्थिक वर्ष २०६२/६३ मा १.९ प्रतिशतले घट्ने अनुमान छ । कृषि गार्हस्थ्य उत्पादनमा ६.९ प्रतिशत अंश रहेको मकैको उत्पादन आर्थिक वर्ष २०६१।६२ मा ७.९ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्ष २०६२/६३ मा १.१ प्रतिशतले मात्र बढ्ने अनुमान छ । त्यस्तै, कोदोको उत्पादन आर्थिक वर्ष २०६१/६२ मा २.३ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष २०६२/६३ मा ०.४ प्रतिशतले मात्र बढ्ने अनुमान छ ।

४. आर्थिक वर्ष २०६१/६२ को प्रथम त्रैमासिक अवधिमा औद्योगिक उत्पादनहरुको सूचकांङ्क ४.० प्रतिशतले बढेकामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा २.४ प्रतिशतले मात्र बढेको छ । तयारी पोशाकको उत्पादनमा उल्लेखनीय ह्रास आउनुको साथसाथै प्लाईउडको उत्पादन ५.१ प्रतिशतले, न्यूज पेपर र ईट्टाको उत्पादनमा ३.१ प्रतिशतले र कागज तथा कागजका सामाग्रीहरुको उत्पादनमा २.९ प्रतिशतले कमी आएका कारण आर्थिक वर्ष २०६२/६३ को प्रथम त्रैमासिक अवधिमा औद्योगिक उत्पादन सूचकांङ्क २.४ प्रतिशतले न्यून वृद्धि भएको हो ।

५. आर्थिक वर्ष २०६१/६२ को प्रथम चार महिनासम्ममा पर्यटक आगमन १२.३ प्रतिशतले घटेको विपरीत आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा २१.१ प्रतिशतले बढ्यो । तुलनात्मक रुपमा सुरक्षा व्यवस्थामा आएको सुधारका कारण आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनाको अवधिमा पर्यटक आगमनमा बृद्धि भएको हो ।

६. यी केही अग्र (lead) सूचनाहरूको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सामान्य रहने अनुमान छ ।

## मौद्रिक स्थिति

७. आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनासम्ममा मौद्रिक योगाङ्कहरू गत वर्षको तुलनामा उच्च दरले बढेका छन् । विस्तृत मुद्राप्रदाय गत वर्षको २.१ प्रतिशतको तुलनामा समीक्षा अवधिमा ४.९ प्रतिशतले वृद्धि भएको छ । संकुचित मुद्राप्रदाय समीक्षा अवधिमा ३.६ प्रतिशतले बढेको छ । गत वर्ष सो मुद्राप्रदाय ०.४ प्रतिशतले घटेको थियो । खुद वैदेशिक सम्पत्ति तथा खुद आन्तरिक सम्पत्ति दुवैको वृद्धि दरमा देखिएको सुधारको कारण समीक्षा अवधिमा मुद्राप्रदायहरुको वृद्धिदरमा विस्तार भएको हो ।

८. मुद्राप्रदायमा विस्तारकारी प्रभाव पार्ने खुद वैदेशिक सम्पत्ति गत वर्ष १.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.८ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाहमा वृद्धि भएकोले खुद वैदेशिक सम्पत्तिको वृद्धिदरमा विस्तार भएको हो । समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति रु ४ अर्व १३ करोडले बढेको छ ।

९. मुद्राप्रदायमा विस्तारकारी प्रभाव पार्ने अर्को कारक, आन्तरिक कर्जा, गत वर्ष ४.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.८ प्रतिशतले बढेको छ । आन्तरिक कर्जाहरू मध्ये , श्री ५ सरकार माथिको दावी गत वर्ष २.४ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा सीमान्त रुपले मात्र घटेको छ । मौद्रिक क्षेत्रको गैरवित्तीय संस्थानहरुमाथिको दावी गत वर्षको प्रथम चार महिनामा ३५.८ प्रतिशतको उच्च वृद्धिदरको विपरीत समीक्षा अवधिमा ९.३ प्रतिशतले घटेको छ । नेपाल आयल निगम, नेपाल विद्युत प्राधिकरण, जनक शिक्षा सामग्री केन्द्र लि. तथा गोरखापत्र संस्थान जस्ता केही गैरवित्तीय सरकारी संस्थानहरुले वाणिज्य बैंकहरुलाई तिर्न बाँकी रकम मध्ये केही कर्जा चुक्ता गरेका कारण सो दावी घटेको हो । यस्तै गरी वित्तीय सरकारी

संस्थानहरुमाथिको दावी पनि समीक्षा अवधिमा २.२ प्रतिशतले घटेको छ । कृषि विकास बैंकका बैंकिङ्ग कारोवार गर्ने शाखाहरुले* सो बैंकको मुख्य कार्यालयमा राख्ने मौज्दातमा कमी ल्याएका हुनाले समीक्षा अवधिमा सो दावीमा कमी आएको हो ।

१०. मौद्रिक क्षेत्रबाट प्रवाह हुने कर्जाको सबैभन्दा महत्वपूर्ण अंश, निजी क्षेत्रमा जाने कर्जा समीक्षा अवधिमा ६.० प्रतिशतले बढेको छ । गत वर्ष सो कर्जा ६.८ प्रतिशतले बढेको थियो । कालो सूचीसम्बन्धी नयाँ व्यवस्था र तदनुरुप कर्जा असूलीतर्फ भएको उपलब्धिका कारण मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावीको विस्तार दरमा सामान्य गिरावट आएको हो ।

११. समीक्षा अवधिमा खुद अमौद्रिक दायित्व सीमान्त रुपमा अर्थात ०.२ प्रतिशतले मात्र बढेको छ जवकि गत वर्षको सोही अवधिमा ७.८ प्रतिशतको उच्च दरले बढेको थियो । कर्जा असूलीतर्फ भएको प्रगतिका कारण कर्जा नोक्सानी व्यवस्थावापत्को रकम घटेको कारणले खुद अमौद्रिक दायित्वमा खासै ठूलो वृद्धि नभएको हो । खुद अमौद्रिक दायित्वमा उल्लेखनीय वृद्धि नभएका कारण गत वर्ष २.७ प्रतिशतले बढेको खुद आन्तरिक सम्पत्ति समीक्षा अवधिमा ५.५ प्रतिशतले बढेको छ ।

१२. गत वर्ष ३.३ प्रतिशतले बढेको आवधिक निक्षेप समीक्षा अवधिमा ५.६ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाह संतोषजनक रहेको र केही वाणिज्य बैंकहरुले निक्षेप दर बढाएका कारण आवधिक निक्षेपमा वृद्धि भएको हो ।

१३. मुद्राप्रदायका दुई प्रत्यक्ष कारकहरुमध्ये सञ्चित मुद्रा गत वर्षको ५.९ प्रतिशतले घटेको विपरीत समीक्षा अवधिमा २.५ प्रतिशतले बढेको छ । विप्रेषणका कारण नेपाल राष्ट्र बैंकको खूद वैदेशिक सम्पति बढेको हुनाले सञ्चित मुद्रा बढन गएको हो ।

१४. समीक्षा अवधिमा दुवै मुद्रा गुणकहरु बढेका छन् । संकुचित मुद्रा गुणक १.१ प्रतिशतले बढी १.०५१ पुगेको छ भने विस्तृत मुद्रा गुणक २.४ प्रतिशतले बढी ३.१८७ पुगेको छ । वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा राख्ने मौज्दातमा कमी ल्याएका कारणले मुद्रा गुणकहरु सीमान्त दरले मात्र भए पनि बढेका हुन् ।

**विदेशी विनिमय तथा मुद्रा बजार**

१५. विनिमय दर स्थायित्व एबं प्रभावकारी तरलता व्यवस्थापन जस्ता उद्देश्यहरु हासिल गर्ने उपायको रुपमा नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा विदेशी मुद्रा बजारमा १७ पटक हस्तक्षेप गऱ्यो । उक्त हस्तक्षेपहरू मध्ये १६ पटकको हस्तक्षेपमा करीव रु. १३ अर्व ८४ करोड बराबरको अमेरिकी डलर खरीद भई सो रकमबराबरको तरलता अर्थतन्त्रमा प्रवाह भयो भने एक पटकको हस्तक्षेपमा रु. ५२ करोड बराबरको अमेरिकी डलर विक्री गरी सो बराबरको तरलता प्रशोचन गरियो । फलस्वरुप, अर्थतन्त्रमा खूद रु. १३ अर्व ३२ करोड बराबरको तरलता प्रवाह हुन गयो । यसरी प्रवाहित तरलतालाई नेपाल राष्ट्र बैंकले ट्रेजरी विलको खुला बजार कारोवार, सोझै बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलमार्फत् प्रशोचन गरेको थियो ।

१६. मौद्रिक उपायहरुको माध्यमबाट बैंकिङ्ग क्षेत्रमा तरलता प्रवाह तथा प्रशोचन गर्ने क्रममा नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा सोझै बिक्री बोलकबोलमार्फत् रु. ४ अर्व ३३ करोड बराबरको तरलता प्रशोचन ग-यो भने सोझै खरीद बोलकबोलमार्फत् रु ८३ करोड तरलता प्रवाह ग-यो । यसको फलस्वरुप बैंकिङ्ग क्षेत्रबाट खुद रु. ३ अर्व ५० करोड बराबरको तरलता प्रशोचन भयो ।

१७. यस बैंकद्वारा खुला बजारको माध्यमबाट प्रभावकारी तरलता व्यवस्थापन भए अनुरुप समीक्षा अवधिमा बैंकिङ्ग क्षेत्रमा बढी अधिक तरलताको स्थिति रहेन । फलस्वरुप यस वर्षको समीक्षा अवधिमा अल्पकालीन व्याजदरहरु गत वर्षको तुलनामा उच्च रहे । उदाहरणका लागि २०६२ कार्तिक महिनामा ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र भारित औसत अन्तर बैंक कारोवार दरहरु क्रमश: २.६९ प्रतिशत र २.३६ प्रतिशत रहे, जबकि गत वर्षको यसै अवधिमा ती दरहरु क्रमश: १.९७ प्रतिशत र २.२४ प्रतिशत रहेका थिए ।

१८. समीक्षा अवधिमा अन्तरबैंक कारोवारको सघनता अझ बढेको छ । उदाहरणको लागि गत वर्षको प्रथम चार महिनामा रु. ३८.७ अर्व बराबरको अन्तरबैंक कारोवार भएकोमा यो चार महिनामा सो कारोवार रु.

* कृषि विकास बैंकका वाणिज्य बैंकिङ्ग कारोबार गर्ने शाखाहरुलाई १७ वटा वाणिज्य बैंकहरुको समूहमा राखी मौद्रिक सर्भेक्षण तयार गर्ने गरिएको पृष्ठभूमिमा कृषि विकास बैंकका ती शाखाहरुले आफूले लगानी नगरी केन्द्रीय कार्यालयमा जम्मा गरेको रकमलाई मौद्रिक क्षेत्रको दावीको रुपमा लिने गरिएको ।

६७.६ अर्व पुगेको छ । फलस्वरुप वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा उपयोग गर्ने प्रवृत्तिमा कमी आएको छ । यस सुविधाअन्तर्गत गत वर्षको प्रथम चार महिनामा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट रु. २० अर्व स्थायी तरलता सुविधा लिएका थिए भने समीक्षा अवधिमा सो सुविधा अन्तर्गत रु. ३१ करोड ५० लाख मात्र ऋण लिएका छन् ।

१९. वाण्ज्यि बैंकहरुले नेपाल राष्ट्र बैंक बाट उपयोग गर्ने रुग्ण उद्योग पुनरकर्जा सुविधा समीक्षा अवधिमा घटेको छ । २०६२ कार्तिक मसान्तसम्ममा नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकहरुलाई प्रदान भएको कूल बाँकी रुग्ण उद्योग पुनर्कर्जा सुविधा रु. ३ करोड ६० लाख छ । गत वर्षको यसै अवधिमा सो सुविधा रु. २७ करोड ९६ लाख थियो ।

## धितोपत्र बजार गतिविधि


### धितोपत्रको प्राथमिक निष्काशन

२०. आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा नेपाल धितोपत्र बोर्डले पाँचवटा वित्तीय संस्थाहरुलाई साधारण शेयर र ऋणपत्र निष्काशन गर्नको लागि स्वीकृति प्रदान गरेको छ । जसअनुसार सिद्धार्थ बैंक लिमिटेडले रु १५ करोड बराबरको साधारण शेयर निष्काशन गरेको छ भने सिर्जना फाइनान्स लिमिटेड र प्रुडेन्सियल फाइनान्सियल इन्स्टिच्युट लिमिटेडले क्रमशः रु ४० लाख र रु २ करोड ४५ लाख बराबरको साधारण शेयर निष्काशन गरेका छन् । यसरी नै बैंक अफ काठमाडौंले रु २० करोड बराबरको डिबेञ्चर निष्काशन गरेको छ ।सबै गरेर झण्डै रु २८ करोड बराबरको शेयर तथा डिबेञ्चर प्राथमिक बजारमा निष्काशन भएको छ । तर मर्चेन्ट फाइनान्स कम्पनीले रु १ करोड २० लाख बराबरको साधारण शेयर निष्काशन गर्न अनुमति पाए तापनि उक्त कम्पनिले अहिलेसम्म पनि शेयर निष्काशन गरेको छैन ।

## धितोपत्रका दोस्रो बजार अवस्था

२१. आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा धितोपत्र बजारको गतिविधिमा उल्लेखनीय विस्तार भएको पाइएको छ । नेप्सेमा भएको वृद्धि, धितोपत्र बजारमा सूचीकृत हुने कम्पनीहरुको संख्यामा भएको बढोत्तरी, बजार पूँजीकरणमा भएको वृद्धि र सूचीकृत शेयरमा भएको वृद्धिले पनि धितोपत्र बजारको विस्तारलाई पुष्टि गरेको छ ।

२२. बिन्दुगत आधारमा २०६२ कार्तिक मसान्तमा नेप्से ६७.३ बिन्दु (२८.६ प्रतिशत) ले बढेर ३०२.३ बिन्दुमा पुगेको छ भने चालू आर्थिक वर्षको प्रथम चार महिनामा समेत नेप्से परिसूचक बढ्ने क्रम जारी छ । यस अवधिमा नेप्से परिसूचकमा भएको वृद्धिको कारणहरुमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण रकममा भएको क्रमिक वृद्धि, अर्थतन्त्रमा लगानीका अवसरहरु पर्याप्त नहुनु, बजारको वास्तविक ब्याजदर न्यून रहनु र बैंक तथा वित्तीय संस्थाहरुको नाफामा क्रमिक वृद्धि हुनु मुख्य कारकको रुपमा रहेका छन् ।



चार्ट: १
नेप्से परिसूचकाङ्क
(कार्तिक मसान्तको)

२३. नेपाल स्टक एक्स्चेन्जमा सूचीकृत हुने कम्पनीहरुको संख्या गत वर्षको कार्तिक मसान्तमा ११८ रहेकोमा २०६२ कार्तिक मसान्तमा बढेर १२५ पुगेको छ । जसमध्ये ७९ वटा (६३.० प्रतिशत) वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरु, १४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरु र ५ वटा अन्य समूहमा रहेका छन् ।

२४. बिन्दुगत आधारमा २०६२ कार्तिक मसान्तमा बजार पूँजीकरण ५३.० प्रतिशतले वृद्धि भई रु ६९.२ अर्ब पुगेको छ । यस अवधिमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.१ प्रतिशत रहेको छ । गत वर्ष यस्तो अनुपात ९.१ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमध्ये वित्तीय संस्थाहरुले ८१.६ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रले ७.६ प्रतिशत, होटलहरुले ३.३ प्रतिशत, व्यापारिक फर्महरुले १.० प्रतिशत र अन्यले ६.५ प्रतिशत अंश ओगटेका छन् ।

२५. त्यसैगरी, बिन्दुगत आधारमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०६२ कार्तिक मसान्तमा ३२.२ प्रतिशतले वृद्धि भई रु १७ अर्ब ५० करोड पुगेको छ । खासगरी वित्तीय संस्थाहरुले थप शेयरहरु निष्काशन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

२६. धितोपत्र बजारको विस्तारको साथसाथै त्यसको तरलतामा पनि वृद्धि देखिएको छ । धितोपत्र बजारको तरलताको परिसूचक (कारोबारको बजार पूँजीकरणसँगको अनुपात) २०६१ कार्तिक मसान्तमा १२.० प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा बढेर २५.० प्रतिशत पुगेको छ । त्यस्तैगरी कारोबारको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात गत वर्षको २.७ प्रतिशतको तुलनामा यस वर्ष बढेर ३.३ प्रतिशत भएको छ ।

२७. नेपालको धितोपत्र बजारलाई आधारभूत रुपमा वाणिज्य बैंकहरुको धितोपत्रले बढी मात्रामा प्रभावित गरेको देखिन्छ । उदाहरणको लागि २०६२ कार्तिक महिनामा भएको कुल रु १७ अर्ब ५० करोडको कारोबारमा वाणिज्य बैंकहरुको अंश ८०.२ प्रतिशत र वित्त कम्पनीहरुको अंश १७.८ प्रतिशत रहेको छ । यसबाट उत्पादन तथा प्रशोधन, होटल र व्यापारिक समूहको शेयर कारोबार नगण्य मात्रामा रहेको स्पष्ट हुन्छ । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको तुलनामा वित्त कम्पनीहरुको शेयर कारोबारमा वृद्धि भएको देखिन्छ । २०६१ कार्तिक महिनाको कुल शेयर कारोबारमा वित्त कम्पनी र वाणिज्य बैंकहरुको अंश क्रमशः १०.० प्रतिशत र ८३.६ प्रतिशत रहेकोमा यस वर्ष वित्त कम्पनीको शेयर कारोबारको अंश गत वर्षको तुलनामा वृद्धि भई १७.८ प्रतिशत रहेको छ भने वाणिज्य बैंकहरुको शेयर करोबार अंश घटेर ८०.२ प्रतिशत कायम भएको छ ।

२८. विगत १२ महिनाको नेप्सेको rolling standard deviation *(जसले नेप्सेको उतारचढावको मापन गर्छ) गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको पाइएको छ । उदाहरणको लागि २०६२ कार्तिक महिनामा सोभन्दा विगत १२ महिनाको standard deviation २२.७ रहेको छ भने २०६१ कार्तिक महिनामा सोही अवधिको standard deviation १५.० रहेको थियो । यसले नेपाली धितोपत्र बजारमा शेयरहरुको कारोबारमा बढी उतारचढाव आएको संकेत गर्दछ भने यसले उक्त बजारको जोखिमलाई पनि प्रकट गर्दछ ।

## उपभोक्ता मुद्रास्फीति (Headline)

२९. राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक बिन्दुगत मुद्रास्फीति २०६२ कार्तिक मसान्तमा ८.५ प्रतिशतले बढेको छ । यस्तो मुद्रास्फीति गत वर्षको सोही अवधिमा २.७ प्रतिशतले मात्र बढेको थियो । गत वर्ष घटेको विपरीत समीक्षा अवधिमा खासगरी चामल र चामलजन्य पदार्थको आकस्मिक मूल्यवृद्धिले गर्दा मुद्रास्फीतिमा चाप पर्न गएको छ । तरकारी र फलफूल उपसमूहको मूल्य पनि बढेको छ । गत वर्षको पौष महिना र चालू वर्षको भाद्र महिनामा गरिएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले मूल्य सूचकाङ्कमा प्रभाव पारिरहेको छ । त्यस्तै गत पौष महिनामा मूल्य अभिवृद्धि करको दर १० प्रतिशतबाट बढाएर १३ प्रतिशत बनाइएको प्रभाव पनि मूल्यवृद्धिमा कायमै रहेको छ ।

३०. मूल्य वृद्धिका कारणहरुमध्ये बिन्दुगत आधारमा चामल तथा चामलजन्य पदार्थको मूल्य वृद्धि २०६२ कार्तिक मसान्तमा गत वर्षको सोही समयमा १.६ प्रतिशतले घटेको विपरीत अनपेक्षित रुपमा १७.८ प्रतिशतले बढ्न गएको छ । चामल तथा चामलजन्य पदार्थको मूल्य वृद्धिले मात्रै उपभोक्ता मूल्य सूचकाङ्कको ८.५ प्रतिशतको वृद्धिमा २.५ प्रतिशत विन्दुको योगदान रहेको छ ।

३१. खाद्य तथा पेय समूहको मूल्य सूचकाङ्क बिन्दुगत आधारमा २०६२ कार्तिक मसान्तमा ८.६ प्रतिशतले बढेको छ जबकि गत वर्षको सोही अवधिमा २.२ प्रतिशतले मात्र बढेको थियो । चामल तथा चामलजन्य पदार्थको

* शेयर बजारको उतारचढाव मापन गर्न १२ महिनाको अन्तराल लिई Rolling Standard Deviation लाई सूचकको रुपमा लिइएको ।

उच्च मूल्यवृद्धिको अतिरिक्त दलहन, तरकारी तथा फलफूल, पेय पदार्थ र रेष्टुराँको खानाको समेत मूल्य बढेका कारण समग्रमा खाद्य तथा पेय समूहको मूल्य वृद्धि उच्च रहेको हो ।


३२. गैर–खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क गत वर्ष ३.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा बिन्दुगत आधारमा ८.३ प्रतिशतको उच्च दरले बढेको छ । यस समूहको मूल्य बढ्नुको मुख्य कारणमा गत वर्षको पौष महिना र यस वर्षको भाद्र महिनामा गरिएको पेट्रोलियम पदार्थको मूल्यवृद्धि र गत वर्षको मध्यतिर गरिएको मूल्य अभिवृद्धि करको दरमा गरिएको वृद्धि रहेको छ । यसले गर्दा घरायसी सामान र सेवा उपसमूह गत वर्ष ५.७ प्रतिशतले बढेको तुलनामा २०६२ कार्तिक मसान्तमा बिन्दुगत आधारमा १३.६ प्रतिशतले बढेको छ । त्यस्तै, यातायात तथा सञ्चार उपसमूहको मूल्य सूचकाङ्क पनि गत वर्षको ०.१ प्रतिशतको सीमान्त वृद्धि भएकोमा २०६२ कार्तिक मसान्तमा उच्च दर अर्थात १६.९ प्रतिशतले बढेको छ ।

३३. धानको उत्पादनमा कमी र यसको नयाँ उत्पादन बजारमा आउन ढिला भइरहेकोले समीक्षा अवधिमा खाद्य समूहको मूल्यमा चाप पर्न गएको छ । आउने एक वा दुई महिनामा खाद्यान्नको मूल्य वृद्धिमा कमी आउने अपेक्षा गर्न सकिन्छ । गत वर्षको पौष महिनामा गरिएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिले मुद्रास्फीतिमा पर्ने प्रभावचाहिं यो पौषदेखि कमी हुने देखिन्छ । तर गत भाद्र महिनामा गरिएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिले मुद्रास्फीतिमा पर्ने असर भने आगामी भदौ महिनासम्म रहने देखिन्छ । अन्य कुरा यथावत रहेमा मुद्रास्फीतिदरमा आगामी एक वा दुई महिनापछि केही कमी आउने अपेक्षा रहेको छ । आर्थिक वर्ष २०६२।६३ को वार्षिक औसत प्रकट (headline) मुद्रास्फीति करीव ७.० प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ ।

३४. थोक मूल्य सूचकांकमा आधारित मूल्य वृद्धि समीक्षा अवधिमा ११.३ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि ४.६ प्रतिशत रहेको थियो ।

## तात्विक (Core) मुद्रास्फीति*

३५. राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित प्रकट (headline) मुद्रास्फीति बिन्दुगत आधारमा २०६२ कार्तिक मसान्तमा ८.५ प्रतिशतले बढे पनि तात्विक मुद्रास्फीति भने अझै ५.० प्रतिशतभन्दा तल अर्थात् ४.४ प्रतिशतमा रहेको छ । गत वर्षको यसै अवधिमा मुद्रास्फीतिदर २.७ प्रतिशत थियो भने तात्विक मुद्रास्फीतिदर ३.० प्रतिशत थियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा तात्विक मुद्रास्फीति पनि बढी दरले बढ्नुमा दुई वटा कारण प्रमुख रहेका छन् । पहिलो, तात्विक मुद्रास्फीति निकाल्दा हटाउन नसकिएको मूल्य अभिवृद्धि करको दरमा गरिएको वृद्धिको चाप र दोस्रो, प्रतिकूल मौसम, अस्थिरता र अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यमा भइरहेको बढोत्तरीले सिर्जित मूल्य बढ्ने अपेक्षा (inflationary expectation) रहेका छन् ।




* मुद्रास्फीतिमा आपूर्ति पक्षबाट पर्ने प्रभाव र उतारचढाव भइरहने जस्तै खाद्यान्नको मूल्य, उर्जाको मूल्य, सरकार निर्धारित मूल्य र अप्रत्यक्ष करलाई हटाएर माग पक्षबाट मात्र प्रभावित हुने मूल्य स्थिति थाहा पाउनको लागि विश्वका धेरै केन्द्रीय बैंकहरुले तात्विक (core) मुद्रास्फीति निकाल्न थालेका छन् । तात्विक मुद्रास्फीतिदरको गणनाको लागि प्रचलित तरिकाहरुमा exclusion method, weighted median method र trimmed mean method (outline method) पर्दछन् । नेपालको तात्विक मुद्रास्फीत निकाल्न भने हाललाई exclusion method लाई अपनाइएको छ । यसअनुसार, चामल तथा चामलजन्य पदार्थ, तरकारी तथा फलफूल, इन्धन, बत्ती तथा पानी र यातायातलाई हटाएर तात्विक मुद्रास्फीत निकालिएको छ ।

३६. आर्थिक वर्ष २०६२/६३ को लागि मौद्रिक नीतिको तर्जुमा गर्दा पनि मूल्यमा चाप पर्ने अनुमान गरिएको थियो । तदनुरुप बैंकदरलाई ५.५ प्रतिशतबाट ६.० प्रतिशतमा बढाइएको थियो । तर मौसमी प्रतिकूलताले गर्दा खाद्यान्नको मूल्यमा भएको उच्च मूल्य वृद्धि अनपेक्षित रह्यो । ८.५ प्रतिशतको कुल मूल्य वृद्धिमा यो एउटा कारणले मात्र २.५ प्रतिशत विन्दुले मूल्य ण्बढाएको छ । तर विद्यमान उच्च मूल्य वृद्धिलाई नियन्त्रण गर्ने मौद्रिक नीतिको अडान भने कायमै रहने छ । आगामी दिनहरूमा मूल्य स्थितिमा सुधार आएन भने अन्य आवश्यक मौद्रिक उपायहरूको अवलम्वन गरिनेछ ।

## सरकारी वित्त स्थिति

३७. आर्थिक वर्ष २०६२/६३ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित समग्र सरकारी वित्त स्थिति गत वर्षको यसै अवधिको तुलनामा विस्तारकारी रह्यो । तर, समीक्षा अवधिमा बजेटरी संतुलन/असन्तुलनको स्थिति भने मिश्रित प्रकारको रहेको छ ।

३८. बजेटरी सन्तुलन/असन्तुलनका तीन परिसूचकहरु मध्ये वित्तीय घाटा (कुल सरकारी खर्चमा गैरऋण साधन घटाउँदा आउने) कुल सरकारी खर्चको अनुपातमा गत वर्ष नगन्य अर्थात ०.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.० प्रतिशत रहेको छ । स्थानीय निकायको खातामा रहेको रु. २ अर्बको रकम हटाउँदा वित्तीय घाटा कुल सरकारी खर्चको १३.६ प्रतिशतसम्म पुग्न जान्छ । पूँजीगत खर्च (फ्रिज खर्च समेत) मा आएको बढोत्तरीले गर्दा वित्तीय घाटा उल्लेखनीय रुपमा विस्तार हुन गएको हो ।

तालिका नं. १

### सरकारी बजेट रुझान

(प्रथम चार महिना)

रु. करोडमा


| | | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|
| १ | **राजस्व सन्तुलन** (राजस्व–साधारण खर्च) | –१७५.६६ | –१०४.२१ |
| | साधारण खर्च | १८४९.०३ | १८९३.६३ |
| | *चालु खर्च* | *१५२९.३६* | *१७१५.९६* |
| | *साँवा भुक्तानी* | *३१९.६७* | *१७७.६७* |
| | राजस्व | १६७३.३७ | १७८९.४२ |
| २. | **वित्तीय सन्तुलन** (कुल गैर-ऋण साधन–कुल खर्च) | –५.०१ | –११७.८६ |
| | कुल खर्च | २११९.७० | २३३७.७८ |
| | कुल गैर-ऋण साधन | २११४.६९ | २२१९.९२ |
| | स्थानीय निकाय खाता बाहेकको वित्तीय घाटा | –५.०१ | –३१८.४० |
| | *स्थानीय निकाय खाता* | ०.० | २००.५४ |
| ३ | **ब्याज भुक्तानी** | १६२.८३ | १३४.१८ |
| | आन्तरिक | १००.८१ | ८०.१६ |
| | बाह्य | ६२.०२ | ५४.०२ |
| ४ | प्रारम्भिक घाटा (वित्तीय घाटा–ब्याज भुक्तानी ) | १५७.८२ | १६.३२ |
| | स्थानीय निकाय खाता बाहेकको प्रारम्भिक घाटा | १५७.८२ | –१८४.२२ |
| ५ | **कुल सरकारी खर्च** | **२११९.७०** | **२३३७.७८** |
| | | | |
| | **कुल सरकारी खर्चसंगको अनुपात (प्रतिशतमा)** | | |
| | राजस्व सन्तुलन | –८.३ | –४.५ |
| | वित्तीय सन्तुलन | –०.२ | –५.० |
| | स्थानीय निकाय खाता बाहेकको वित्तीय घाटा | –०.२ | –१३.६ |
| | प्रारम्भिक घाटा | –७.४ | –०.७ |
| | स्थानीय निकाय खाता बाहेकको प्रारम्भिक घाटा | –७.४ | –७.९ |


३९. कुल सरकारी खर्चमा फ्रिज खाता सहित पूँजीगत खर्चको हिस्सा गत वर्षको पहिलो चार महिनामा १२.८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १९.० प्रतिशत पुगेको छ । कुल सरकारी खर्चमा चालू खर्च (साँवा भुक्तानी समेत) को अंश भने गत वर्ष ८७.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८१.० प्रतिशतमा झरेको

छ । पूँजीगत खर्चमा भएको उल्लेखनीय वृद्धिले गर्दा कुल सरकारी खर्च समीक्षा अवधिमा १०.३ प्रतिशतले बढेको छ जबकि गत वर्षको सोही अवधिमा सीमान्त रुपले अर्थात् २.२ प्रतिशतले मात्र बढेको थियो ।

४०. अर्को वित्तीय परिसूचक राजस्व घाटामा भने समीक्षा अवधिमा केही सुधार आएको छ । कुल सरकारी खर्चको तुलनामा राजस्व घाटा (राजस्वमा चालू खर्च र साँवा भुक्तानी घटाउँदा) गत वर्ष ८.३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ४.५ प्रतिशत रहेको छ । राजस्व संकलनमा आएको सुधारले गर्दा, राजस्व गत वर्ष ४.७ प्रतिशतले बढको तुलनामा समीक्षा अवधिमा ६.९ प्रतिशतले बढ्न गएको छ र साँवा भुक्तानीमा आएको कमीका कारण राजस्व घाटामा गत वर्षको तुलनामा सुधार आएको छ ।

४१. सरकारी वित्तको अर्को महत्वपूर्ण परिसूचक प्राथमिक घाटा (वित्तीय घाटामा ब्याज भुक्तानी घटाउँदा)




समीक्षा अवधिमा कुल सरकारी खर्चको ०.७ प्रतिशत बचत रहन गयो जबकि गत वर्ष ७.४ प्रतिशतले बचत रहेको थियो । स्थानीय निकायको खातामा रहेको रु २ अर्ब रकम हटाउँदा भने प्राथमिक घाटा समीक्षा अवधिमा कुल सरकारी खर्चको ७.९ प्रतिशत हुन जान्छ ।

४२. समीक्षा अवधिमा रहेको रु १ अर्ब १८ करोडको वित्तीय घाटामध्ये खुद आन्तरिक ऋणबाट ज्यादै थोरै अर्थात झन्डै रु ५ करोड जति मात्र पूर्ति गरिएको छ भने बाँकी रु १ अर्ब १३ करोड बाह्य ऋणबाट पूरा गरिएको छ । फलस्वरुप २०६२ कार्तिक मसान्तमा कुल आन्तरिक सरकारी ऋण गत वर्षकै हाराहारीमा अर्थात् रु ९० अर्ब रहेको छ ।

## वैदेशिक व्यापार

४३. गत वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिना सम्ममा बैदेशिक व्यापार संरचनामा केही परिवर्तनहरु देखिएका छन् ।

४४. गत वर्षको प्रथम चार महिना सम्ममा ०.८ प्रतिशतले घटेको कुल आयात यस वर्ष ३६.५ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । कुल आयातमध्ये भारतबाट भएको आयात गत वर्षको प्रथम चार महिनामा ११.६ प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा ३८.३ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात पनि समीक्षा अवधिमा ३३.५ प्रतिशतको उल्लेख्य दरले बढेको छ । गत वर्षको सोही अवधिमा अन्य मुलुकबाट भएको आयात १६.० प्रतिशतले घटेको थियो ।

४५. परिमाणगत परिवर्तनको आधारमा भारतबाट पेट्रोलियम पदार्थ, चामल, रसायन, एम. एस. विलेट, औषधि, धागो, सीमेन्ट, तरकारी, चिनी, फलफूल, एम. एस. वायर रड र कस्मेटिक र अन्य मुलुकबाट कच्चा पाम तेल, टेक्सटाइल डाई,, एम.एस.विलेट, विद्युतीय उपकरण तथा सामाग्री, प्लाष्टिकका दाना, कच्चा सोयाविन तेल, एम. एस. वायर रड, हवाइजहाज तथा पाटपुर्जा, यातायातका साधन तथा पूर्जाहरु र दूरसंचारका उपकरण तथा पूर्जाहरुको आयातमा उल्लेख्य वृद्धि आएको कारण आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा कुल आयात यसरी बढ्न गएको हो । आयातीत वस्तुमा भएको वृद्धिमध्ये औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत सामानको आयात वृद्धि उल्लेख्य रहेको छ ।

४६. गत वर्षको प्रथम चार महिना सम्ममा ११.३ प्रतिशतले बढेको निर्यात समीक्षा अवधिमा १७.२ प्रतिशतको उच्च दरले बढेको छ । कुल निर्यातमध्ये भारततर्फको निर्यात गत वर्ष ३४.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २८.२ प्रतिशतले बढेको छ । अन्य मुलुकतर्फको निर्यात गत वर्ष १३.७ प्रतिशतले घटेको विपरीत यस वर्ष १.२ प्रतिशतको न्यून दरले घटेको हुनाले समग्र निर्यातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा बढी रहेको हो ।

४७. परिमाणगत परिवर्तनको आधारमा हेर्दा, वनस्पति घ्यू, पोलिस्टर धागो, जिकं सीट, तार, तयारी पोशाक र जी. आई. पाइपको निर्यातमा उल्लेख्य वृद्धि भएको कारण भारततर्फको निर्यात बढेको हो । ऊनी गलैंचा, तयारी पोशाक र हस्तकलाका सामानको निर्यातमा आएको ह्रासका कारण अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

४८. निर्यातको तुलनामा आयात अत्याधिक बढेको कारण समीक्षा अवधिमा व्यापार घाटा ५१.० प्रतिशतले विस्तार भएको छ । गत वर्षको प्रथम चार महिनामा व्यापार घाटा ८.३ प्रतिशतले घटेको थियो ।

## शोधनान्तर स्थिति

४९. मौद्रिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिना सम्ममा रु. ४ अर्ब १३ करोडको समग्र शोधनान्तर बचत भएको छ । गत वर्षको सोही अवधिमा रु. १ अर्ब १९ करोडको समग्र शोधनान्तर बचत भएको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण शोधनान्तर बचतमा वृद्धि भएको हो ।

५०. आर्थिक वर्ष २०६२/६३ को प्रथम तीन महिना सम्मको शोधनान्तर तथ्यांक अनुसार चालू खाता रु. २ अर्ब ८६ करोडले घाटामा रहेको छ । गत वर्ष चालू खातामा रु. ५ अर्ब ८४ करोड बराबरको बचत भएको थियो । गत वर्षको तीन महिनामा ९.० प्रतिशतले घटेको विप्रेषण आप्रवाह यस वर्ष १७.९ प्रतिशतको उत्साहजनक दरले वृद्धि भएको छ । विप्रेषण आप्रवाहमा वृद्धि भएतापनि निर्यातको तुलनामा आयात उल्लेख्य दरले बढेको कारण यस वर्ष चालू खाता घाटा रहन गएको हो ।

५१. पूँजी खाता अर्न्तगत यस वर्ष रु. ९५ करोड पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. २८ करोड प्राप्त भएको थियो ।

५२. वित्तीय खाता अर्न्तगत, यस आर्थिक वर्षको प्रथम तीन महिनामा श्री ५ को सरकारले रु. ५३ करोड बराबर बैदेशिक ऋण प्राप्त गरेको छ भने रु १ अर्व साँवा भुक्तानी गरेको छ । फलस्वरुप यस अवधिमा खुद सरकारी ऋण आप्रवाह रु. ४७ करोडले ऋणात्मक रहन गएको छ । श्री ५ को सरकारले गत वर्षको प्रथम तीन महिनामा रु. ६२ करोड बैदेशिक ऋण लिएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. ८१ करोडले घटेको छ ।

## विदेशी विनिमय संचिति

५३. २०६२ कार्तिक मसान्त सम्ममा कुल विदेशी विनिमय संचिति २०६१ कार्तिक मसान्तको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई रु. १ खर्व ३९ अर्ब १७ करोड पुगेको छ । गत वर्ष कार्तिक मसान्तमा यस्तो संचिति २१.९ प्रतिशतले वृद्धि भई रु. १ खर्व ३१ अर्व ११ करोड पुगेको थियो । २०६१ कार्तिकको तुलनामा २०६२ कार्तिकमा परिवर्त्य बिदेशी विनिमय संचिति ३.३ प्रतिशतले वृद्धि भएको छ । अपरिवर्त्य संचिति यस अवधिमा ७६.६ प्रतिशतले बढेको छ । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश गत वर्षको ९६.१ प्रतिशतबाट ९३.४ प्रतिशतमा झरेको छ भने सोही अनुसार अपरिवर्त्य संचितिको अंश ३.९ प्रतिशतबाट बढेर ६.६ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को पहिलो चार महिना सम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ९.८ महिनाको वस्तु आयात र ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५४. अर्न्तराष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ कार्तिक मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४०.६९ रहेकोमा २०६२ कार्तिक मसान्तमा ३२.९ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ५४.०९ पुगेको छ । यसै गरी सुनको मूल्य २०६१ कार्तिक मसान्तको तुलनामा २०६२ कार्तिक मसान्तमा ७.० प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४३७.६४ बाट अमेरिकी डलर ४६८.२५ पुगेको छ ।

५५. २०६१ कार्तिक मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु ७३.२४ रहेकोमा २०६२ कार्तिक मसान्तमा ने.रु. ०.१४ प्रतिशतले अधिमूल्यन भई सो दर रु. ७३.१४ मा झरेको छ ।

## क्षेत्रीय तथा बहुपक्षीय व्यापारमा भएका उपलब्धिहरु

### साफ्टा (**SAFTA**)

५६. सन् २००५ को नोभेम्बर १२ देखि १३ सम्म ढाकामा सम्पन्न तेह्रौं सार्क शिखर सम्मेलनले सार्क गरिबी निवारण कोष (SAARC Poverty Alleviation Fund) को स्थापना गर्ने निर्णय गऱ्यो । उक्त सम्मेलनले जनवरी १, २००६ देखि लागू हुने भनेको स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी अवरोधहरु यथासक्य चाँडो हटाउने निर्णय पनि गऱ्यो । सार्क सदस्य राष्ट्रहरुबीच अफगानिस्तानलाई पूर्ण सदस्यता प्रदान गर्ने तथा जापान तथा चीनलाई यस क्षेत्रीय संगठनमा पर्यवेक्षकको भूमिका प्रदान गर्ने सहमति पनि यसै सम्मेलनमा भयो ।

५७. जनवरी ६, २००४ मा इस्लामाबादमा बसेको सार्कको बाह्रौ शिखर सम्मेलनमा दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area) संबन्धी सम्झौतामा हस्ताक्षर भएको थियो ।

५८. साफ्टा सम्झौता अनुसार प्रथम चरणमा (अर्थात सन् २००६ देखि २००८ सम्ममा) विकासोन्मुख राष्ट्रहरु ( भारत, पाकिस्तान र श्रीलंका) र अति कमविकसित राष्ट्रहरु (बंगलादेश, भुटान, माल्दिभ्स र नेपाल) ले आ-आफ्नो भन्सार दर क्रमशः २० प्रतिशत र ३० प्रतिशतमा झार्नुपर्ने हुन्छ । त्यसपछि भारत तथा पाकिस्तानले सन् २०१३ सम्ममा र श्रीलंकाले सन् २०१४ सम्ममा भन्सार दर ५ प्रतिशत वा सो भन्दा कम गर्नुपर्ने हुन्छ । त्यसैगरी अल्पविकसित राष्ट्रहरुले सन् २०१६ सम्ममा भन्सार दर ५ प्रतिशत वा सो भन्दा तल झार्नुपर्ने हुन्छ ।

५९. जनवरी १, २००६ देखि साफ्टा लागू हुने भए तापनि नेपालको आर्थिक वर्ष मध्य जुलाई देखि शुरु हुने हुनाले नेपालले भन्सार दर अगस्ट २००६ देखि कम गर्नु पर्ने हुन्छ ।सीतण

६०. सम्झौता लागू भएपछि यस क्षेत्रमा लगानीका प्रशस्त अवसरहरु सृजना हुने छन् । तथापि, यस क्षेत्रको बजारमा बलियो पहुँच बनाउनको लागि नेपालले तुलनात्मक लाभ भएका वस्तु तथा क्षेत्र पत्ता लगाउन आवश्यक छ ।

६१. सबै सदस्य राष्ट्रहरुले आ-आफ्नो संवेदनशील वस्तुहरुको सूची तयार पारेका छन् । अन्तर क्षेत्रीय व्यापारको प्रवर्द्धन एवं व्यापारमा संलग्न राष्ट्रहरुबीच विश्वासको वातावरण बनाई राख्न प्रत्येक चार वर्षमा उक्त सूचीको पुनरावलोकन गर्ने प्रावधान रहेको छ ।

### बिम्स्टेक (**BIMSTEC**)

६२. सन् १९९७ को जुनमा बंगलादेश, भारत, श्रीलंका र थाइल्याण्डबीच सामाजिक तथा आर्थिक सहयोग अभिवृद्धि गर्न हेतु बिम्स्टेक (BIMSTEC - Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation) क्षेत्रीय संगठनको स्थापना भएको हो । म्यानमारलाई डिसेम्बर १९९७ मा बिम्स्टेकको पूर्ण सदस्यता दिइएको थियो भने नेपाल र भुटानले फेब्रुअरी २००४ मा मात्र यसको सदस्यता प्राप्त गरेका हुन् ।

६३. फेब्रुअरी ८, २००४ मा बैंककमा बसेको बिम्स्टेकको छैठौं मन्त्रीस्तरीय बैठकमा बिम्स्टेक स्वतन्त्र व्यापार क्षेत्र (BIMSTEC Free Trade Area) को अवधारणा संबन्धी सम्झौतापत्रमा हस्ताक्षर भयो । वस्तु व्यापारमा स्वतन्त्र व्यापार क्षेत्र सम्झौता जुलाई २००६ देखि लागू हुनेछ भने सेवा व्यापार तथा लगानीमा उक्त सम्झौता जुलाई २००७ देखि लागू हुनेछ ।

६४. बिम्स्टेकका सदस्य राष्ट्रहरुले यस कार्यक्रमलाई अघि बढाउन Trade Negotiating Committee (TNC) बनाएका छन् । अहिलेसम्म बिम्स्टेक TNC का दशवटा बैठक सम्पन्न भइसकेका छन् । डिसेम्बर २६ मा काठमाडौंमा सम्पन्न भएको दशौं TNC बैठकमा सदस्य राष्ट्रहरुबीच व्यापार सम्बन्धि झगडा (trade dispute) मा मध्यस्थताको लागि तेस्रो पक्षको संलग्नतालाई स्वीकार गर्ने सहमति भएको छ । आयातमा अत्याधिक वृद्धि (import surge), countervailing duty जस्ता बैदेशिक व्यापारलाई प्रत्यक्ष प्रभाव पार्ने विषयहरुको छलफलमा तेस्रो पक्षको संलग्नता आवश्यक रहन्छ ।

६५. दशौं बैठकमा उत्पत्तिको नियम (rules of origin) बारे पनि छलफल भयो । तर उत्पत्तिको नियम अर्न्तगत मूल्य निर्धारण र product specification सम्बन्धि नियमहरुमा सहमति हुन अझै बाँकी नै रहेको छ ।

६६. फेब्रुअरी २००६ मा बैंककमा हुने TNC को आउँदो बैठकमा लगानी प्रबर्द्धन र संरक्षण सम्बन्धि विषयहरुमा छलफल हुने कार्यक्रम रहेको छ ।

**हंगकंगमा सम्पन्न विश्व व्यापार संगठन (WTO) को मन्त्रीस्तरीय बैठक**

६७. सन् २००५ को डिसेम्बर १३ देखि १८ सम्म हंगकंगमा सम्पन्न WTO को मन्त्रीस्तरीय बैठकमा नेपालजस्ता गरीब राष्ट्रहरुको विकास सम्बन्धी महत्वपूर्ण विषयहरुमा छलफल भयो ।

६८. विकसित तथा विकासोन्मुख राष्ट्रहरुले सन् २००६ देखि २००८ सम्मको लागि गरीब राष्ट्रहरुको कुल निर्यातजन्य वस्तुहरुको ९७ प्रतिशत वस्तुहरुलाई भन्सार तथा कोटामुक्त बजार प्रवेश (duty and quota free market access) दिने सहमति व्यक्त गरे ।

६९. विकसित तथा विकासोन्मुख राष्ट्रहरु सेवा व्यापारको मोड ४ (mode 4) अर्न्तगत रहेको सीमापार गई काम गर्ने (cross-border movement of persons for work) प्रावधानको उदारीकरणबारे छलफल गर्न सहमत भए ।

७०. विकसित राष्ट्रहरुले गरीब राष्ट्रहरुको क्षमता अभिवृद्धि (capacity building) हेतु बढी प्रभावकारी प्राविधिक सहयोग प्रदान गर्ने प्रतिबद्धता जाहेर गरे । तिनीहरुले 'व्यापारका लागि सहयोग (aid for trade)' नामक नयाँ कार्यक्रमको घोषणा गरेका छन् जसमा जापानले तीन वर्षको लागि १० अर्ब अमेरिकी डलर, यूरोपियन यूनियन र अमेरीकाले १ वर्षको लागि क्रमशः २.७ अर्ब यूरो र २.५ अर्ब अमेरिकी डलरको सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यस्तो सहायता प्राविधिक क्षमता अभिवृद्धि गर्न तथा व्यापार विस्तारमा सहयोग पु¥याउने खालका व्यापार सम्बन्धी भौतिक पूर्वाधार र संरचनाहरु विकास गर्न उपलब्ध गराइनेछ । सहायता कसरी बाडफाँड हुनेछ र नेपालले कति सहायता प्राप्त गर्नेछ भन्ने कुरा जुलाई २००६ सम्ममा aid operationalization योजना तयार भएपछि थाहा हुनेछ ।

७१. WTO का सदस्य राष्ट्रहरु उत्पत्तिका नियमहरु (Rules of origin) लाई गरीब राष्ट्रप्रति उदारमुखी, सरल र पारदर्शी बनाउन सहमत भएका छन् ।

*****